
annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २८०, पृष्ठ ८ | काठमाडौं, मंगलबार ५ फागुन २०८२ | फाल्गुण कृष्णपक्ष औंशी, नेपाल संवत् ११४६ | TUESDAY, FEBRUARY 17, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# चुनावी उत्सवमा देश, भान्सामा महँगी प्रवेश




बढ्दो महँगी र ग्यास अभावले नेपालीको भान्सा संकटमा परेको छ । खानेतेल, तरकारी र खाद्यान्नको मूल्य आकासिँदा दैनिक खर्च धान्नै मुस्किल भएको उपभोक्ताको गुनासो छ । उत्पादकले तेलको मूल्य घटाएको दाबी गरे पनि बजारमा त्यसको असर नदेखिएको भन्दै उपभोक्ता आक्रोशित छन् । नियमन र अनुगमन कमजोर हुँदा महँगीको भार सधैं आमउपभोक्तामाथि नै परेको छ ।

**सुनिता कार्की** | *काठमाडौं*

विस्तृत पृष्ठ २

# विश्वकपमा सुखद अन्त्यको खोजीमा नेपाल

**नमिता दाहाल** | *मुम्बइ*

आईसीसी टीट्वेन्टी विश्वकपमा अघिल्ला ३ खेल हारेर समूह चरणबाट नै बाहिरिएको नेपाल समूह चरणको अन्तिम खेल जित्दै विश्वकप २०२६ को सुखद अन्त्य गर्न चाहन्छ। मुम्बईको वाङ्खेडे स्टेडियममा चारै खेल खेल्ने अवसर पाएको नेपालले समूह चरणका ३ खेलमा भने हार बेहोरिसकेको छ।

नेपालले समूह कचरणको अन्तिम खेल स्कटल्यान्डसँग नेपाली समयानुसार ७:१५ मा खेल्नेछ। नेपालले समूह सीमा रहेर सम्पूर्ण खेल वाङ्खेडे मैदानमा खेल्ने अवसर पायो। नेपालले समूह चरणको अन्तिम खेल साँझको समयमा खेल्दैछ। वाङ्खेडे मैदानको पिच स्पिन पिच हो। तर, साँझमा खेल्दा शीतले भिजेको रातो माटोको पिचमा बलरहरूलाई बलिङ गर्न केही अप्ठ्यारो पर्न सक्छ। अन्तिम खेलमा सकरात्मक नतिजा निकाल्न नेपालले ब्याटिङलाई सुधार गर्नैपर्ने दबाब छ ।

विशेषत: पावरप्लेमा नेपालले ब्याटिङमा राम्रो प्रदर्शन गर्न सकेको खण्डमा नेपालका लागि जारी विश्वकपको अन्तिम खेल सकरात्मक नतिजासहित समापन हुन सक्छ। नेपालले जारी विश्वकपमा समूह चरणको पहिलो खेलमा इङ्ल्यान्डसँग ४



रनले हारेको थियो। यो खेलमा नेपालले निकै राम्रो प्रदर्शन गरेको थियो। त्यसपछि इटालीसँगको खेलमा १० विकेटले हारेको नेपालले तेस्रो खेलमा वेस्ट इन्डिजसँग ९ विकेटले हार्दै समूह चरणमा नै आफ्नो यात्रा सीमित राखेको हो।

नेपाल अन्तिम खेलमा जित निकाल्दै प्रतियोगितालाई राम्रो नतिजासहित र महत्त्वपूर्ण २ अंकसहित बिदा गर्न चाहन्छ। नेपालका ब्याटिङ कन्सल्टेन्ट (ब्याटिङ प्रशिक्षक) निक पोथस भन्छन्, 'नेपालले जुनमा स्कटल्यान्डको शृंखला खेल्नाले हामी उनीहरूका प्राय: खेलाडीलाई राम्रोसँग चिन्छौं। स्कटल्यान्ड पनि निकै राम्रो क्षमता भएको टिम हो। हामी रणनीतिसहित नतिजा निकल्ने तयारीमा हुनेछौं।' यो विश्वकपमा राम्रो नतिजासहित लिग २ को एकदिवसीय खेलमा टिमलाई लिएर जाने तयारीमा रहेको उनले बताए।

'स्कटल्याडसँग अंक बटुल्दै हामी एकदिवसीय क्रिकेटमा सकरात्मक नतिजासहित जान चाहन्छौं।' पोथसले प्रिम्याच प्रेस कन्फ्रेन्समा भने। नेपालले मानसिक दबाब र टेस्ट राष्ट्रसँगको एक्सपोजरका कारण विश्वकपमा नराम्रो खेलिरहेको हो भन्ने पत्रकारको प्रश्नमा उनले भने, 'रणनीति मैदानमा लागू हुँदाको असाध्यै राम्रो उदाहरण इङ्ल्यान्डसँगको खेल हो भने रणनीति मैदानमा लागू नहुनुको उदाहरण इटालीसँगको खेल हो।' नेपाली क्रिकेट टिमले यससहित तेस्रो विश्वकप खेल्यो। तेस्रो विश्वकपमा समेत नेपाली टिमले पहिलो विश्वकपमा २ खेलको जितलाई नै विश्वकपमा नेपालले जितेको दोस्रो जित हो। माथिल्लो स्तरको क्रिकेट खेल्न नेपाली टिमले धेरै महत्त्वपूर्ण हुनेछ।

'माथिल्लो स्तरको क्रिकेट खेल्न नेपाली टिमले धेरै मेहनत गर्नुपर्छ। पावरप्लेमा छिटो विकेट जानु रणनीतिहरू मैदानमा लागू भइरहेका छैनन्। जति यो स्तरको क्रिकेटमा हुनुपर्ने हो,' नेपाली खेलाडीको समूहले ब्याटिङमा जति सिक्नुपर्ने त्यति छिटो स्किल सिक्न नसकिरहेको बताउँदै उनले भने, 'नेपाली टोलीले ब्याटिङमा जति छिटो प्राविधिक कुरा सिक्नुपर्ने तर सिक्न सकिरहेका छैनन्।'

» बाँकी पृष्ठ ६

# चुनावी चन्दाको भारमा उपभोक्ता

विज्ञ मत

**माधव तिमल्सिना,**
अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च



चामल र तेलजस्ता दैनिक उपभोग्य वस्तुको मूल्य बढ्नु र सरकार तथा उपभोक्ताको बुझाइमा अन्तर हुनुका पछाडि केही ठोस आर्थिक र राजनीतिक कारणहरू छन्। निर्वाचनको समयमा बजार महँगिनुमा मुख्यतया तीनवटा कारण देखिन्छन्।

पहिलो, चुनावी चन्दाको भार उद्यमी व्यवसायीलाई प्रत्यक्ष रूपमा परेको छ। राजनीतिक दलहरूले उद्योगी र ठूला व्यापारीहरूसँग निर्वाचनका लागि ठूलो रकम चन्दा माग्छन् व्यापारीहरूले उक्त चन्दा आफ्नै खल्तीबाट नभई सामानको उत्पादन लागत वा बिक्री मूल्यमा जोडेर (एमआरपी बढाएर) उपभोक्ताबाट असुल गर्छन्। कमजोर बजार अनुगमन निर्वाचनको समयमा प्रशासन र सुरक्षा निकायको ध्यान सुरक्षा र व्यवस्थापनमा केन्द्रित हुन्छ। यसको फाइदा उठाउँदै बिचौलिया र व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गर्ने र मूल्य बढाउने गर्छन्। चुनावका बेला बजारमा अवैध र वैध दुवै किसिमको नगद प्रवाह बढ्छ, जसले गर्दा बजारमा माग बढ्छ र चाप मूल्यमा पर्छ। उपभोक्ताको चुनावी मानसिकतालाई सम्झिएर थाहा नपाउने गरी मूल्य बढाउने गरिएको छ।

दोस्रो, अन्तर्राष्ट्रिय बजार र डलरको भाउ बढेको अनुपातमा नेपालले उल्लेख्य मात्रामा कच्चा तेल र दाल आयात गर्छ। त्यही अनुपातमा अन्तर्राष्ट्रिय बजारमा डलर बलियो हुँदा आयातमा बढी खर्च लाग्छ।

» बाँकी पृष्ठ ६

# रविको मुद्दा फिर्ता प्रक्रिया रोकियो



**पोखरा** (अन्नपूर्ण): राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने र जीबी राईसहित करिब ५० व्यक्तिविरुद्धको संगठित अपराध तथा सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिने प्रक्रिया रोकिएको छ।

सोमबार कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राईको इजलासले महान्यायाधिवक्ताको कार्यालयबाट आएको मुद्दा फिर्ता लिने निर्णयमाथि सर्वोच्च अदालतमा रिट परेकाले तत्काल मुद्दा फिर्ता प्रक्रिया अगाडि नबढाउने आदेश दिएको छ।

महान्यायाधिवक्ता सविता भण्डारीले गत पुस ३० गते लामिछानेलगायत विरुद्ध दायर संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता लिने निर्णय गरेकी थिइन्। उनले सहकारी ठगीसम्बन्धी मुद्दा भने यथावत् राख्ने तर संगठित अपराध र मनी लाउन्ड्रिङसम्बन्धी मुद्दा फिर्ता लिने निर्णय गरेकी थिइन्। महान्यायाधिवक्ताको निर्णयविरुद्ध सर्वोच्चमा मुद्दासमेत परेको छ।

# माओवादीको विरासत भत्काउने, आफ्नो जोगाउने चुनौतीमा जनार्दन

**राजु शिवा** | *काठमाडौं*

पुष्पकमल दाहाल 'प्रचण्ड'सँगको चार दशक बढी लामो सम्बन्धमा 'ब्रेक' लगाउँदै अलग्गिएका नेता जनार्दन शर्मा 'प्रभाकर' रुकुम पश्चिमबाट फागुन २१ को प्रतिनिधिसभा चुनावको मैदानमा छन्।

नेता शर्मा यसपटक नयाँ दल प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)बाट चुनावमा होमिएका छन्। तत्कालीन नेकपा माओवादी केन्द्रबाट अलग्गिएका जनार्दन यसपटक आफ्नै अगुवाइमा निर्माण भएको नयाँ दल प्रलोपाबाट छैटौंपटक चुनाव जित्ने चुनौतीमा छन्। गृहजिल्ला रुकुम पश्चिमका मतदाता रिझाइरहेका शर्माले यसअघि सोही क्षेत्रबाट पाँचपटक विजयको स्वाद चाखिसकेका छन्। यसपटक उनको मुख्य प्रतिस्पर्धा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता पूर्वसहयात्री गोपाल शर्मा र कांग्रेसका राजु केसीसँग हुने देखिएको छ।

२०६४ सालयताका निरन्तर चुनाव जित्दै आएका शर्मा माओवादीको विरासत भत्काउँदै आफ्नो व्यक्तिगत विरासत भने जोगाउने चुनौतीमा घेरिएका छन्। नयाँ दलबाट चुनाव लड्दै गरेका शर्माको भिड्न्तको यो छैटौं प्रतिस्पर्धाका कारण आगामी



फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको सरगर्मी रूकुम पश्चिममा बढेको छ। प्रचण्डले एकीकृत समाजवादीसहितका कम्युनिस्ट घटकहरूसँग एकता गरेपछि जनार्दन शर्मा अलग्गिएर प्रलोपा गठन गर्दै चुनावमा होमिएका हुन्। विगतका सहयात्री गोपाल शर्माबीचसँग जनार्दनको मुख्य प्रतिस्पर्धाले रुकुम पश्चिमको चुनावी समीकरण रोचक बनाइदिएको छ। जनार्दनलाई नेकपा एमाले रूकुम पश्चिमले सघाउने निर्णय गरेको छ। जसले जनार्दन शर्मालाई चुनावी मैदानमा बल प्रदान गरेको छ।

२०७९ सालको निर्वाचन तथ्यांक हेर्दा रूकुम पश्चिममा वामपन्थी मत बलियो देखिन्छ। कांग्रेसले ८,७६६, नेकपा एमालेले १९,७४९, तत्कालीन नेकपा माओवादी केन्द्रले ३४,३४७, तत्कालीन नेकपा समाजवादीले १,५१०, राप्रपाले ५९३ र रास्वपाले १,८६१ मत प्राप्त गरेका थिए। वाम मत विभाजन भए परिणाम फरक पर्न सक्ने अनुमान गरिएको छ। शर्मा नेकपाबाट बाहिरिए पनि माओवादी आधार क्षेत्रमा उनको व्यक्तिगत प्रभाव अझै बलियो रहेको मानिन्छ। एमालेले दिएको साथले शर्मालाई थप राहत दिएको छ।

कांग्रेसले भने विगतको मत आधार र असन्तुष्ट वाम मत तान्ने रणनीति बनाएको छ। त्यस्तै, नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार इन्जिनियर मानबहादुर शाही पनि युवा माझ प्रभाव बढाउने प्रयासमा छन्। यस्तै, राष्ट्रिय जनमोर्चाका सत्यनारायण श्रेष्ठ, नेपाल मजदुर किसान पार्टीका धनबहादुर विक, राष्ट्रिय प्रजातन्त्र पार्टीका गोपाल खड्का, नेकपा माओवादीका चन्द्र बुढा, नेकपा संयुक्तका शेरबहादुर केसी, उज्यालो नेपाल पार्टीका नरेन्द्र केसी र आमजनता पार्टीकी प्रेमा दमाई नेपाली पनि चुनावी मैदानमा छन्। यी उम्मेदवारहरूबाट मत काट्ने सम्भावनाले मुख्य प्रतिस्पर्धीलाई चुनौती थपिएको छ।

**ढुक्क जनार्दन**

जनार्दन शर्मा २०६४ यता जिल्लामा निरन्तर पाँच चुनाव जितेका प्रभावशाली नेता हुन्। २०७१ मा सार्वजनिक लेखा समिति सभापति, २०७३ मा ऊर्जामन्त्री, २०७४ मा बिनाविभागीय मन्त्री हुँदै २०७४ मा प्रतिनिधिसभा सदस्य तथा सोही वर्ष गृहमन्त्री एवं २०७८ मा अर्थमन्त्रीको जिम्मेवारी सम्हाल्ने अवसर जनार्दनले पाएका थिए। उनले २०७९ को प्रतिनिधिसभा निर्वाचनमा पनि आफ्नो जितलाई निरन्तरता दिए। शर्माले विकास-निर्माण, ऊर्जा र पूर्वाधारका क्षेत्रमा योगदान दिएको दाबी गर्दै आएका छन्। उनले अहिले पनि जनमत आफ्नै पक्षमा बलियो रहेको दाबी गरेका छन्। उनले अहिले विगतमा आफूले गरेका कामको विश्लेषण र समीक्षा, नयाँ कामका योजनाका विषयमा मतदाताहरूसँग भेटघाट र छलफल गर्ने काममै रहेको बताए।

» बाँकी पृष्ठ ६